म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र


# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ३७ २०८१ पुस ९ गते मंगलबार 24 December 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




# दुई तिहाइ बालबालिका पूर्णकालीन श्रममा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा दुई तिहाइ बालबालिका पूर्णकालीन श्रममा रहेको पाइएको छ । हेटौंडाको राजमार्गसँग जोडिएको ५ वटा वडामा गरिएको सर्वेक्षणले ६७ प्रतिशत बालबालिका पूर्णकालीन श्रममा संग्लन रहेको पाइएको हो ।

हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १, ३, १०, ११ र १९ मा गरिएको आधारभूत सर्वेक्षण अनुसार यातायात क्षेत्रमा २६ प्रतिशत र कारखानामा ११ प्रतिशत बालबालिका श्रममा संग्लन रहेको देखिएको छ । स्थानीय सरकारका अधिकारीहरुसँग आधारभूत सर्वेक्षणको निष्कर्ष सार्वजनिक गरिएको एक कार्यक्रममा सहभागीहरुले सबैभन्दा बढी अभिभावकविहीन बालबालिका समस्यामा रहेको बताएका छन् । सहभागीहरुले बालश्रम अन्त्यका लागि कानुन संशोधन गर्नुपर्ने आवाज उठाएका छन् ।

अनुसन्धानकर्ता भाष्कर खनालले मुख्यतयाः तामाङ, ब्राह्मण र क्षेत्री जातीय संरचना रहेको ती वडाहरुमा सबैभन्दा बढी यातायात र कारखानामा बालबालिका श्रममा रहेको पाइएको बताउनुभयो । ९३ प्रतिशत घरधुरीका बालबालिकाको जन्मदर्ता गरिएको छ । अभिभावकको नागरिकताको प्रमाणपत्र भएको घरधुरी ९५ दशमलब ३१ प्रतिशत छ ।

सर्वेक्षण गरिएको घरधुरीको औसत मासिक आम्दानी ३५ हजार छ भने अपाङ्गता भएका घरधुरी ३ सय ५७ छन् । जसमा एक सय १७ जना बालबालिका छन् । विद्यालय भर्ना भएका बालबालिका १० हजार ६ सय २ रहेको उहाँले बताउनुभयो । ३ सय ६७ बालबालिकाले विद्यालय छोडेका छन् । ३१ प्रतिशतले मात्र अपाङ्गता भएको प्रमाणपत्र लिएका छन् । ५३ जना बालविवाहको उच्च जोखिममा छन् ।

आर्थिक समस्याले ७५ प्रतिशत र सुविधा अभावले १० प्रतिशत बालबालिकाको शिक्षामा बाधा पुऱ्याएको अनुसन्धानकर्ता खनालले जानकारी दिनुभयो । यस्तै, स्वास्थ्य बिमा भएको घरधुरी ५३ दशमलब ६९ प्रतिशत, स्वास्थ्य समस्याको दर ६ दशमलब ५६ प्रतिशत, बालबालिकामा लागूपदार्थको प्रयोग एक प्रतिशत छन् । अभिभावकको भनाइअनुसार एक प्रतिशतमात्र देखिए पनि त्योभन्दा बढी बालबालिका लागूपदार्थमा संग्लन रहेको उहाँले जानकारी दिनुभयो ।

**जहाँ बाबुको मृत्यु हुँदा आमाले दोस्रो विवाह गर्ने र आमा र बाबु दुबैले दोस्रो विवाह गर्ने कारण बालबालिका सबैभन्दा बढी समस्यामा रहेको जानकारी वडाध्यक्ष दहालले दिनुभयो । सबैभन्दा बढी ११ वडामा समस्या देखिएकाले समस्या समाधानका लागि वडाले पहल गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।**

बालअधिकारबारे चेतना ६५ प्रतिशत र समुदायगत सहभागिता १३ प्रतिशत रहेको उहाँले बताउनुभयो । २ हजार ५ सय ३३ बालबालिका अभिभावकको साथमा छैनन् भने ११ प्रतिशत बालबालिका अभिभावकविहीन छन् । उहाँले पारिवारिक आय र बालश्रमबीच कुनै महत्वपूर्ण सम्बन्ध नरहेको बताउनुभयो । तर, १० हजार रुपैयाँभन्दा कम मासिक आम्दानी भएका परिवारमा बालश्रमको दर उच्च देखिएको उहाँको भनाइ छ ।

न्यून आय भएका परिवारलाई लक्षित गरी वित्तीय सहायता र आयसिर्जना कार्यक्रम लागू गर्न र विद्यालयको उपस्थिति शर्तसँग जोडिएको आर्थिक सहायता योजना सञ्चालन गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । बालश्रमको सम्भावना र विद्यालय छाड्ने जोखिमबीच सकारात्मक सम्बन्ध रहेको उहाँको भनाइ छ । यस्तै, बालश्रम रोक लगाउने कानुन कार्यान्वयन बलियो बनाउने र जोखिमयुक्त बालबालिकाका लागि निःशुल्क पुनरावलोकन कक्षाको व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो ।

हेटौंडा उपमहानगरसँग सहकार्य गरेर राजमार्गमा पर्ने वडासँग जोडिएर ३ वर्ष अघिदेखि थालिएको सर्वेक्षण सोमबार बाल हेल्पलाइन मकवानपुरले सार्वजनिक गरेको हो । जसले बाल श्रममा संलग्न बालबालिकाको पहिचान र विश्लेषण गर्न, बालविवाहको अवस्था र प्रभाव अध्ययन गर्न, समाजमा आर्थिक र सेवाका चुनौतीहरु मूल्यांकन गर्न र बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँचको अध्ययन गर्न सहयोग पुगेको बाल हेल्पलाइन मकवानपुरका संयोजक झबिन्द्र ज्ञवालीले जानकारी दिनुभयो ।

कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले उपमहानगरलाई आउँदो फागुन १ गते बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिने बताउनुभयो । पुस महिनाभित्र वडाहरुलाई बालमैत्री घोषणा गरिसक्नुपर्ने उहाँको भनाइ छ । बालमैत्री घोषणा गर्न नसक्ने वडालाई उपमहानगरले नै घोषणा गरिदिने तयारीमा रहेको उहाँले बताउनुभयो । बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न नसक्ने वडामा बालमैत्री सहजकर्ता हटाउने चेतावनी नगर प्रमुख लामाले दिनुभयो ।

हेटौंडा-११ की वडाध्यक्ष जुना दहालले वडाको सिमलटार क्षेत्रमा शिक्षाको पहुँच कमजोर रहेको बताउनुभयो । जहाँ बाबुको मृत्यु हुँदा आमाले दोस्रो विवाह गर्ने र आमा र बाबु दुबैले दोस्रो विवाह गर्ने कारण बालबालिका सबैभन्दा बढी समस्यामा रहेको जानकारी वडाध्यक्ष दहालले दिनुभयो । सबैभन्दा बढी ११ वडामा समस्या देखिएकाले समस्या समाधानका लागि वडाले पहल गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

हेटौंडा-१ का वडाध्यक्ष सविन न्यौपानेले तथ्यांक संकलन गरेरमात्र बालबालिकाको समस्या समाधान नहुने बताउनुभयो । नीतिगत व्यवस्था र बजेटको व्यवस्थापन गर्न जोड दिनुपर्ने बताउनुहुँदै उहाँले कानुन संशोधन गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

आमाको मृत्यु भएपछि बालबालिका घरबारविहीन हुने र परिवारबाट विस्थापित हुने गरेको हेटौंडा-१९ का वडाध्यक्ष नरनाथ सुवेदीले जानकारी दिनुभयो । आमाको मृत्युपश्चात् बाबुले दोस्रो विवाह गर्दा बालबालिका अभिभावकविहीन हुने उहाँको भनाइ छ । कानुनले आमाबाबु दुबै नभएकालाई अभिभावकविहीन भनेर व्यख्या गर्दा पालिकामा सेवा लिने बालबालिका न्यून रहेको उहाँले बताउनुभयो । अभिभावकविहीन बालबालिकाको सवालमा कानुन परिमार्जित हुन जरुरी रहेकोमा वडाध्यक्ष सुवेदीले जोड दिनुभयो ।

# जीर्णोद्वारपछि खुला भयो चुरियामाई सुरुङमार्ग



*जीर्णोद्वारपछिको सुरुङगमार्ग ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुर र बारा जिल्लाको सिमानामा रहेको दक्षिण एसियाकै पहिलो चुरियामाई सुरुङ जीर्णोद्वारपछि खुल्ला गरिएको छ । हेटौंडा-१५ स्थित चुरियामाई मन्दिरसँगै रहेको सुरुङमार्ग सोमबारबाट नागरिकका लागि खुला गरिएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले सुरुङमार्गको उद्घाटन गर्दै संचालनका लागि हेटौंडा उपमहानगर पालिकालाई हस्तान्तरण गर्नुभयो । प्रदेश सरकारले २०७८ बैशाख १९ मा काठमाडौंको माउन्टेन इन्फ्रा कम्पनी लिमिटेडसँग सुरुङमार्ग जीर्णोद्वारको सम्झौता गरी काम सुरु गरेको थियो । प्रदेश सरकारले ३ करोड ६५ लाख रुपैयाँ खर्चिएर सुरुङमार्गको जीर्णोद्वार गरेको हो । सुरुङमार्ग २२५ मिटर लामो सुरुङको चौडाइ २.५ मिटर छ भने उचाइ ३ मिटर रहेको छ ।

२०८० असोज २२ मा सम्पन्न आयोजनाको निर्माण सम्पन्न भएको सुरुङमार्ग एक वर्ष संचालनमा ल्याइएको हो । सुरुङमार्ग संचालनको ढाँचा र कार्यविधि तयार नभएकाले एक वर्षदेखि बन्द गरेर राखिएको थियो । हेटौंडा उपमहानगरपालिकाले तयार गरेको कार्यविधी अनुसार सुरुङमार्ग अवलोकन गर्न नेपालीका लागि प्रतिव्यक्ति ५० रुपैयाँ शुल्क तोकिएको छ भने विदेशीलाई १२० रुपैयाँ र विद्यार्थीलाई २० रुपैयाँ शुल्क निर्धारण गरिएको छ । ५ वर्षमुनिका बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिकलाई प्रवेश निःशुल्क गरिएको छ ।

तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा सन् १९१७ मा उक्त सुरुङ निर्माण गरिएको थियो । नेपालका प्रथम ग्राजुएट इन्जिनियर डिल्लीजंग थापाको नेतृत्वमा निर्माण भएको ‘चुरियामाई सुरुङ’ बीच भागमा भासिएको थियो । जीर्णोद्वारपछि सुरुङमार्ग उद्घाटन समारोहमा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, प्रदेश सरकारका बहालवाला मन्त्री, पूर्वमन्त्री, प्रदेश सभा सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।

# खीष्टमसको अवसरमा राक्सिराङमा २ दिन बिदा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको राक्सिराङ गाउँपालिकाले इसाई धर्मावलम्बीहरुको पर्व खीष्टमसको अवसरमा २ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । गाउँपालिकाले एक सूचना जारी गर्दै खीष्टमसको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

इसाई धर्मावलम्वीहरुको उल्लेख्य बसोबास रहेकाले गाउँपालिकामा पुस ९ र १० गते २ दिन सार्वजनिक बिदा दिने निर्णय गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिनुभयो । उक्त अवधिमा गाउँपालिकाभित्रका सम्पूर्ण सार्वजनिक कार्यालय, सरकारी कार्यालय, शिक्षण संस्थाहरु बन्द रहने छन् । उहाँका अनुसार खीष्टमस पर्वले वहुभाषिक, वहुधार्मिक, वहुसाँस्कृतिक, जातीय विविधतायुक्त यस गाउँपालिकाका सम्पूर्ण जनतामा आपसी सद्भाव, सामाजिक एकता र भातृत्व कायम राख्न जरुरी छ । खीष्टमसले वन्धुत्व, प्रेम र समताको भावना बढाई शान्त, समुन्नत तथा समृद्ध राक्सिराङ बनाउन प्रेरणा प्रदान गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

यो तपाईहरुकै सुन्दर नगर हेटौंडामा

**सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं**

**एघारौं सडक खाना महोत्सव सफल पारौं ।**

**कार्यक्रमका आकर्षणहरू:**

- स्थानीय कलाकारहरुको साँस्कृतिक मनोरञ्जन
- खानाका पारखीहरुलाई पौराणिक देखि आधुनिक खानाको परिकारसम्मको स्वाद लिन सकिने
- अंग्रेजी नयाँ वर्ष २०२५ लाई स्वागत गरिने
- आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने

**आयोजक :** मकवानपुर होटल एशोसिएसन
**मिति :** यही पुष १३ गतेदेखि १६ गतेसम्म
**स्थान :** हेटौंडा हुप्राचौरको पूर्वपट्टिको सडकमा
**सम्पर्क :** ९८५५०७०३०१





# लक्ष्मी सनराइज बैंकको आयोजनामा डिजिटल साक्षरता

समाज संवाददाता

हेटौंडा : लक्ष्मी सनराइज बैंकको आयोजनामा सोमबार हेटौंडामा डिजिटल डिसेम्बर कार्यक्रमअन्तर्गत डिजिटल संवाद कार्यक्रमको आयोजना गरेको छ । बैंकले वित्तीय साक्षरता र वित्तीय कारोबारमा आधुनिक प्रविधिको प्रयोगको सन्दर्भमा सेवाग्राही र सरोकारवालाको सहभागितामा डिजिटल संवाद कार्यक्रमको आयोजना गरेको हो ।

लक्ष्मी सनराइजले ६ वर्षदेखि डिसेम्बर महिनामा डिजिटल डिसेम्बर कार्यक्रम सञ्चालन गर्दै आएको छ । बैंकले ग्रामीण क्षेत्र लक्षित गरेर वित्तीय साक्षरता अभियान सञ्चालक गर्दै आएको जानकारी दिँदै डिजिटल डिसेम्बर अभियान नै सञ्चालन गरिरहेको लक्ष्मी सनराइज बैंकको डिजिटल च्यानल अपरेशन विभागका प्रमुख सुमन प्रसाद गेलालले जानकारी दिनुभयो । हेटौँडामा उद्यमी, व्यवसायी, कर्मचारी, शिक्षक, विद्यालय सञ्चालकको सहभागितामा कार्यक्रम भएको हो । नेपाल राष्ट्र बैंकका प्रतिनिधिको समेत उपस्थिति रहेको कार्यक्रममा वित्तीय कारोबारमा पछिल्लो समय सूचना प्रविधिको प्रयोग र यसको प्रयोगका सकारात्मक पक्ष र चुनौतिका बारेमा जानकारी गराइएको थियो । डिजिटल प्रविधिको प्रयोगको विषयमा समेत संवाद गरिएको छ ।

इसेवाका सरोज भुर्तेलले डिजिटल माध्यमबाट आर्थिक कारोबारको व्यापक बन्दै गएको बताउनुभयो । पहिले क्यु आर प्रयोग गर्न, गराउन गाह्रो रहेको स्मरण गर्नुहुँदै अहिले क्यु आर कोड वितरण गरेर भ्याई-नभ्याई भइरहेको भुर्तेलले बताउनुभयो । जहाँ लाईन देखिन्छ त्यहाँ अनलाइन सेवा विस्तार गर्दै आएको उल्लेख गर्नुहुँदै भुर्तेलले भन्नुभयो, 'हामी बिहान ८ बजेदेखि राती १२ बजेसम्म विद्युत महसुल तिर्ने व्यवस्था गरेका छौं । हामी २४सै घण्टा सेवा प्रवाह गर्न प्रस्ताव गरिरहेका छौं । सेवाग्राहीले पनि त्यस्तै अपेक्षा गरेका छन् तर, प्राधिकरणकै कारण २४ घण्टा सेवा दिन नसकेको हो ।' सरकारी राजश्व भुक्तानीमा पनि डिजिटल पेमेन्टको अभ्यास धेरै भइरहेको भुर्तेलले बताउनुभयो । अनलाइनमार्फत भुक्तानीको अभ्यास विस्तार भएसँगै इसेवामार्फत हुने अभ्यासकै कारण कागज निर्माणका लागि खपत हुने दैनिक २३ वटा रुख जोगाइरहेको भुर्तेलले दावी गर्नुभयो ।

फोन पे सेवाका असिम कोइरालाले अनलाइनमार्फत हुने सेवाका कारण सेवाग्राहीले सार्वजनिक सेवा प्राप्तीमा सहजता भएको दावी गर्नुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक शरणकुमार अधिकारीले नेपालको बैंकिङ प्रणालीमा २ करोड ५७ लाख मोबाइलमार्फत भुक्तानीको अभ्यास भइरहेको, २० लाख जनाले इन्टरनेट बैंकिङ सेवा लिइरहेको जानकारी दिनुभयो । मोवाइल र अनलाइनमार्फत वित्तीय कारोबारको सहजतासँगै चुनौति पनि बढेको उहाँको भनाइ छ । नेपाल राष्ट्र बैंकका तत्कालिन गभर्नर डा. युवराज खतिवडासमेत अनलाइनमार्फत राष्ट्र बैंक नै ठगिएको उहाँले खुलासा गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक विश्वनाथ साहले आर्थिक वर्ष २०८०/८१ मा १ सय ८४ वटा मुद्दा अनलाइनमार्फत ठगीका घटनासम्बन्धी दर्ता भएको जानकारी दिनुभयो । पढेलेखेका व्यक्ति नै अनलाइन ठगीमा परिरहेको उल्लेख गर्नुहुँदै प्रहरी निरीक्षक साहले भन्नुभयो, 'छिटो र धेरै पैसा कमाउने धुनमा पढेलेखेका मान्छेहरु अनलाइन ठगीमा परेका छन् ।' डिजिटल संवादमा सहभागी सेवाग्राहीले भने बैंक तथा वित्तीय संस्थाले सेवा सहजै अभ्यास गर्ने भनिए पनि निरन्तर गुनासो गर्नुपर्ने अवस्था रहेको बताएका थिए ।

# निर्मल माविमा २४ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयमा सोमबार रक्तदान कार्यक्रम भएको छ । निर्मल माध्यमिक विद्यालयको जुनियर रेडक्रस सर्कलले आयोजना गरेको कार्यक्रममा २४ जनाले रक्तदान गरेका छन् ।

निर्मल माध्यमिक विद्यालयको ४९औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम भएको हो । विद्यालयमा हरेक वर्ष वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गर्ने गरिएको छ । भोलि मंगलबार थाहा नगरपालिकाको पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले रक्तदान कार्यक्रम आयोजना गर्दैछ । यस्तै आउँदो बिहीबार हेटौंडा-७, नागस्वतीस्थित हेटौंडा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पनि रक्तदान कार्यक्रमको आयोजना गर्दैछ । पछिल्लो समय रगतको माग र वितरण सहज रहेको रक्तसञ्चार केन्द्र हेटौंडाले जानकारी दिएको छ ।

# नि:शुल्क दन्त शिविर

समाज संवाददाता

हेटौंडा : हेटौंडाको हेटौंडा सिटी कलेजले निशुल्क दन्त शिविर आयोजना गरेको छ । हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेजले आइतबार र सोमबार दुईदिन दन्त शिविरको आयोजना गरेको हो ।

शिविरमा डाक्टर नरेश राईको नेतृत्वमा तीन जना स्वास्थ्यकर्मीको समूहले दन्त परीक्षण गरेको कलेजका प्रशासन प्रमुख सुमन्त सिलवालले जानकारी दिनुभयो । दन्त स्वास्थ्यबारे सचेतनाका साथै परीक्षण गरिएको हो । आइतबार २८० जना विद्यार्थीले सेवा लिएका थिए भने सोमबार १०० जनाले सेवा लिएको कलेजले जनाएको छ । कलेजले हरेक वर्ष दन्त शिविर, आँखा शिविर र रक्तदान कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np



**परीक्षामा संस्कृतका विद्यार्थी** : हेटौंडा-१०, गोरक्षेश्वरधामस्थित संस्कृत वेद विद्यालयका विद्यार्थी अर्ध वार्षिक परीक्षामा सहभागी हुँदै । पुस २ गतेदेखि सुरु भएको परीक्षामा संस्कृत वेद विद्यालयका ३७ जना विद्यार्थी सहभागी भएको प्रधानाध्यापक गोपाल प्रसाद अधिकारीले जानकारी दिनुभयो । परीक्षा आज मंगलबार सम्म संचालन हुनेछ । चालु शैक्षिक सत्रको सुरुवातमा भर्ना भएका ३७ जना विद्यार्थी सबै अर्धवार्षिक परीक्षामा सहभागी छन् ।

# पूर्वाधार विकासलाई आर्थिक उपार्जनसँग जोड्नुपर्छः मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्मयन्त्री बहादुर सिंह लामाले पूर्वाधार विकासलाई आर्थिक उपार्जनसँग जोडेर अघि बढाउन जरुरी रहेको बताउनु भएको छ । प्रतिफल आउने गरी सरकारले पूर्वाधार विकासमा लगानी गर्नुपर्ने उहाँले बताउनु भएको हो ।

सोमबार हेटौंडा-१५ स्थित पुननिर्माण गरिएको चुरियामाई सुरुङको उद्घाटन तथा हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले विकास निर्माणको कामलाई व्यवस्थित र उत्पादनमुखी बनाउन जरुरी रहेको बताउनुभयो । सञ्चालनको विधि नहुँदा केही आयोजनाहरु अलपत्र अवस्थामा रहेको र राज्यको ठूलो लगानी प्रयोगविहीन बनेको उहाँको भनाइ छ । 'प्रतिफल आउने गरी विकास निर्माणको काममा लगानी बढाउनुपर्छ । विकास आयोजना तर्जुमा गर्ने चरणमा नै सो आयोजनाको सञ्चालन विधि तय गरेर अघि बढ्नुपर्छ', मुख्यमन्त्री लामाले भन्नुभयो- 'एकीकृत विकाससँगै सञ्चालनको मोडल तयार गरेर सरकारले लगानी गर्दा प्रतिफल आउँछ ।'

मुख्मयन्त्री लामाका अनुसार सम्पदा संरक्षणसँगै विकास गर्नु अहिलेको आवश्यकता हो । इतिहासको संरक्षणसँगै विकासका आयोजनाहरु सञ्चालनको लागि प्रदेश सरकार प्रयत्नरत रहेको उहाँको भनाइ छ ।

नागरिकहरुको सहज पहुँचमा राज्यको विकास पुग्न जरुरी रहेको मुख्यमन्त्री लामाले बताउनुभयो । नागरिक लक्षित गरी आयोजनाहरु निर्माण गरी आयआर्जनमा जोड्नु अहिलेको अपरिहार्यता रहेको मुख्यमन्त्री लामाले बताउनुभयो । उहाँले ऐतिहासिक सम्पदा संरक्षणसँगै नयाँ संरचनाको विकास गरी धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटनमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले ऐतिहासिक र पुरातात्विक संरचनाहरुलाई व्यवस्थित रुपमा संरक्षण तथा सम्वर्द्धन गरेर सञ्चालनमा ल्याउन जरुरी रहेको बताउनुभयो । ऐतिहासिक सम्पदालाई पर्यटनसँग जोडेर विकास गरेर नागरिकहरुलाई आर्थिक गतिविधिमा जोड्नुपर्ने उहाँले बताउनुभयो ।

## कर्मयोगी...

**उपसंहार** :

नेपाली कांग्रेसको आदर्श, मूल्य र मान्यता राष्ट्रियता, लोकतन्त्र र समाजवाद हो । यिनै आदर्श, मूल्य र मान्यताका आधारमा न्यायपूर्ण गतिशील र समतामूलक समाजको स्थापना गर्ने, नेपाललाई सभ्य, सुखी र सम्पन्न रुपमा स्थापित गर्ने प्रतिवद्धता अघि सारेको पाइन्छ । तर, वास्तविकतामा त्यस्तो छैन । नेताहरुमा सिद्धान्त र प्रतिवद्धता भन्दा भिन्न, अरुले गरेको कामको व्याज असूल्ने प्रवृत्ति देखिन्छ । सो कुरा विधान एकातिर, काम कारबाही अर्कातिर मुखरित भएको तथ्यबाट बुझ्न सकिन्छ ।

नेपाली कांग्रेसभित्र फुट र विग्रहको बिजारोपणको इतिहास पुरानै हो । सो कुरालाई बिर्सन मिलोईन । कतिपय त्यस्ता विग्रहपछि पनि बेला-बेलामा स्पष्ट देखिए । स्वयम् सन्त नेता कृष्णप्रसाद भट्टराई पनि यस्तो विग्रहको चपेटामा परी त्यस चपेटाबाट उम्कन नसकी पराजित हुनु परेको दृष्टान्त कसैबाट लुकेको छैन । हिजोका दिनमा जो जे कमी कमजोरी गरिएपनि त्यसबाट परेको नकारात्मक प्रभावलाई अनुभूत गर्दै अबका दिनमा आदर्श, सिद्धान्त तथा गरिएका प्रतिवद्धताहरुलाई कार्ययोजना बनाई कार्यान्वयनमा रुपान्तरण गर्ने दिशातर्फ लाग्नु पर्ने आजको अपरिहार्यता हो ।

र अन्त्यमा वर्तमान सबै तहका कांग्रेसी नेता तथा कार्यकर्ताहरुबाट वी.पी.कोइराला, गणेशमान सिंह एवम् कृष्णप्रसाद भट्टराईको त्याग, समर्पण, आदर्श र उनीहरुको योगदानको यथोचित कदर हुन सकेको देखिँदैन, त्यसो नहोस् । विद्वत वर्गहरुको अभिव्यक्तिहरुबाट कृष्णप्रसाद भट्टराई पदप्रति आकर्षण नभएका, एक आध्यात्मिक, कर्तव्यनिष्ठ, इमान्दार, सरल, त्यागी, निष्ठावान, आदर्शवादी र कर्मयोगी व्यक्ति भएको तथ्य स्पष्ट हुन्छ । अतः कृष्णप्रसाद भट्टराईको जन्मजयन्तीका अवसरमा उनको योगदानलाई कदर गर्न, उनको यिनै अनुकरणीय आदर्श, मूल्य, मान्यता र सिद्धान्तलाई पच्छयाएर कार्याभिमूख हुन प्रेरणा मिलोस् । शुभकामना ।

## साधारणसभामा उपस्थित हुने सम्बन्धमा

**यस ज्ञानदीप बहुउद्वेश्यीय सहकारी संस्था लि. को २५ औं वार्षिक साधारण सभा तपसिलको मिति, स्थान र समयमा हुने हुँदा अनिवार्य उपस्थितिको हार्दिक निमन्त्रणा गर्दछौं ।**

**कार्यक्रमहरूः**

१. संस्थाको अध्यक्षको प्रतिवेदन
२. संस्थाको कोषाध्यक्षको प्रतिवेदन
३. लेखा समितिको प्रतिवेदन
४. कार्यदलको प्रतिवेदन
५. ले.प. नियुक्ति र पारिश्रमिक निर्धारण
६. माइन्टयू प्रमाणित
७. विविध

**तपसिल**

२०८१ पौष २७ गते शनिबार
समयः बिहान १०:३० बजे ।
स्थानः जि.एस निकेतन विद्यालय
नोटः साधारण सभामा उपस्थित हुँदा स्वयम् उपस्थित हुनुपर्ने छ ।

**ज्ञानदीप बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**
**हेटौंडा-५, भैरवरोड**

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।



- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-
- **दरखास्त दिने अन्तिम मिति** : २०८१ पुस १२ गते शुक्रबार
- **अन्तरवार्ता मिति** : २०८१ पुस १४ गते आइतबार बिहान ११:३० देखी २: ३० बजेसम्म

**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

## कर्मचारी आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/०८)*

जागरण बचत तथा ऋण सहकारी संस्था लिमिटेडका लागि तपशिल बमोजिमको कर्मचारी आवश्यकता परेकोले संचालक समितिको मिति २०८१/०९/०८ गतेको बैठकको निर्णय नं. ६ अनुसार दरखास्त आह्वान गरिन्छ । योग्य, ईच्छुक नेपाली नागरिकले मिति २०८१/०९/१४ गते भित्र कार्यालय समयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं : ०२/०८१/०८२**

पद : वरिष्ठ सहायक
तह : पाँचौ
संख्या : १ (एक) जना
शैक्षिक योग्यता : स्नातक तह उत्तीर्ण गरी वित्तीय संस्थामा कम्तिमा १ वर्ष कार्य गरेको
उमेर : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)
वाञ्छनीय योग्यता : कम्प्युटर सञ्चालन सम्बन्धी विशेष दख्खल भएको ।
सेवाको किसिम : करार
परीक्षण काल : ६ महिना
आवदेन फारम शुल्क : रु. ५००/-
तलब स्केल : संस्थाको नियमअनुसार हुनेछ ।
अन्य सुविधा : संस्थाको नियमअनुसार हुनेछ ।
आवश्यक कागजातहरु : शैक्षिक प्रमाणपत्रको प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति ।
(रित पुगेका निवेदनलाई मात्र परीक्षामा सम्मिलित गरिनेछ ।)
परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
सम्पर्क मिति : २०८१/०९/१४ (कार्यालय समयमा)
कर्मचारी नियुक्ति भएपश्चात सामाजिक सुरक्षा कोषमा सहभागी गराइने छ ।
(मोटरसाईकल वा स्कुटर चलाउन सक्ने र लाईसेन्स प्राप्त तथा आफ्नै साधन भएकालाई प्राथमिकता दिईनेछ ।
सम्पर्क नं ९८५५०७०३५६/९८५५०२७३५६

**पदपूर्ति संयोजक**
**जागरण बचत तथा ऋण सहकारी संस्था लि.**
**मकवानपुरगढी गाउँपालिका-३, मत्रान्चुली**

## हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
वागमती, प्रदेश, नेपाल

## सूचना

हेटौडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिका बमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका :**

**समयः विहान ८ बजेबाट** **मितिः२०८१ पौषदेखि माघ मसान्तसम्म**

| क्र.स. | वडा नम्बर | मिति | स्थान | कै. |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७ गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, वसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३ गते | वडा कार्यालय, वस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहल चोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

# युवा तथा खेलकुद क्षेत्रमा पर्याप्त स्रोत छैनः मन्त्री महर्जन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले स्रोत साधनको अभावका बिच युवा तथा खेलकुद क्षेत्रको योजनाहरु सञ्चालन गर्नुपरेको गुनासो गर्नुभएको छ । मन्त्रालयको बजेट न्यून रहेकाले युवा तथा खेलकुद क्षेत्रमा पर्याप्त मात्रामा पूर्वाधार निर्माण तथा व्यवस्थापनका काम अघि बढाउन नसकेको उहाँले बताउनुभएको हो ।

युवा तथा खेलकुद मन्त्रालयको आर्थिक वर्ष २०८१/०८२ को प्रथम त्रैमासिक अवधिको प्रगति समीक्षा बैठकलाई सम्बोधन गर्दै मन्त्री महर्जनले बजेटको सिमितताका कारण अपेक्षाकृत उपलब्धी प्राप्त गर्न कठिन भएको बताउनुभयो । आफू मन्त्री नियुक्त हुँदा बजेट बनिसकेको र सो बजेट निकै न्यून भएका कारण काम गर्न कठिनाई भइरहेको उहाँको भनाइ छ ।

'मैले चाहेको भए अन्य विकासे मन्त्रालय पनि लिन सक्थेँ । तर, म खेल क्षेत्रबाट आएको मानिस युवा र खेलाडीको भावना बुझ्न सक्छु । खेलकुद मन्त्रालय कसरी चलाउने भन्ने विषयमा मलाई राम्रो ज्ञान छ', मन्त्री महर्जनले भन्नुभयो- 'तर, म मन्त्री नियुक्त हुँदा बजेट बनिसकेको थियो, जुन अत्यन्तै न्यून छ । त्यसकारण सोचे अनुसारको काम गर्न सकिएको छैन ।' उहाँले बजेट वृद्धि गर्न प्रदेश सरकारसँग नियमित रुपमा पहल भइरहेको बताउनुभयो ।

मन्त्रालय मातहतका कार्यालयले सञ्चालन गर्दै आइरहेको आयोजनाहरुलाई पूर्णता दिन पहल गर्ने प्रतिबद्धतासमेत मन्त्री महर्जनले व्यक्त गर्नुभयो । उहाँले कार्यालय प्रमुखहरुलाई उच्च मनोबलसहित काम गर्न निर्देशनसमेत दिनुभयो । देखिने, सुनिने र नागरिकले अनुभूत गर्ने गरी उत्प्रेरित भएर काम गर्न तथा आगामी दिनमा मन्त्रालयको वार्षिक कार्ययोजना बमोजिम नतिजा हासिल गर्नेतर्फ अग्रसर हुन उहाँले निर्देशन दिनुभएको हो । मन्त्री महर्जनले प्रभावकारीरुपमा कार्यसम्पादन गर्न तथा उपयुक्त ढंगका योजनाहरु तयार गर्न निर्देशन दिनुभयो ।

बैठकमा प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले खेलकुद क्षेत्रको विकास एवम् विस्तारका लागि परिषद्बाट छोटो समयमा उल्लेख्य प्रयास भएको बताउनुभयो । उहाँले राज्यले खेलकुदको विषय पाठ्यक्रममा नै समावेश गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले परिषद्बाट सञ्चालन भइरहेका युवा लक्षित कार्यक्रमबारे जानकारी गराउनुभयो । तथ्यांक व्यवस्थापन नहुँदा तालिम कार्यक्रम सञ्चालन गर्न केही कठिनाई भएको भन्दै त्यसतर्फ सरकारले सहयोग गर्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा सामाजिक विकास कार्यालय काभ्रेपलाञ्चोक, ललितपुर र मकवानपुरका कार्यालय प्रमुखहरुले सञ्चालित आयोजनाको भौतिक एवम् वित्तीय प्रगतिबारे जानकारी गराएका थिए । उनीहरुले मन्त्रालय र अन्तर्गतका निकायहरुको त्रैमासिक प्रगतिका साथै आयोजनाहरुको वित्तीय एवम् भौतिक प्रगतिको अवस्था, कार्यान्वयनमा आइपरेका समस्या तथा चुनौती र समाधानका लागि गरिएका प्रयासहरुबारे प्रस्तुतिकरण गरेका थिए ।

# 'विकासलाई भोटसँग साट्ने प्रवृत्तिले समस्या'

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले विकास निर्माणलाई भोटसँग साट्ने प्रवृत्तिले समस्या भइरहेको बताउनुभएको छ । उहाँले विकास गर्दैमा भोट आउँछ भन्ने धारणाको अन्त्य हुन जरुरी रहेको बताउनुभयो ।

सोमबार हेटौंडामा गाउँपालिका तथा नगरपालिका महासंघका प्रतिनिधिसँग योजना तर्जुमा तथा प्रदेश आयोजना बैंक संचालनका सन्दर्भमा आयोजित छलफलमा सहभागी मुख्यमन्त्री लामाले नेपालमा पूर्वाधार निर्माण महंगो परिरहेको बताउनुभयो । हालको पूर्वाधार निर्माणको विधिका कारण राज्यको खर्च बढी भइरहेको उहाँको भनाई छ । उहाँका अनुसार विकास निर्माणको काम डिजाइन एण्ड बिल्ड विधीमा संचालन गर्दा सहज हुनेछ ।

'सरकारले आवश्यकता र औचित्यका आधारमा योजना छनौट गर्नुपर्छ । प्रभावकारी र वृहत प्रकारको योजना कार्यान्वयन गरेर नागरिकलाई उत्पादन र आर्थिक उपार्जनमा जोड्नु पर्छ', मुख्यमन्त्री लामाले भन्नुभयो, 'प्रदेश सरकारले बजेट विनियोजन र योजना छनौटलाई प्रभावकारी बनाउन आयोजना बैंक संचालनको तयारीमा छ । प्रदेश सरकारले स्थानीय तहको समन्वयमा आयोजना बैंकको काम अघि बढाउने योजना छ । हामी सम्भाव्यता अध्ययन गरेर योजना छनौट गरेर काम अघि बढाउछौं ।'

गुणस्तर र निर्माणको विषय प्रक्रियागत रुपमा अनुगमन गरेर नियमन नियन्त्रण गर्नुपर्ने मुख्यमन्त्री लामाले बताउनुभयो । सरकारको लगानीलाई उत्पादनमुखी बनाउन जरुरी रहेको उहाँको भनाई छ । उहाँले अधुरा आयोजना पूरा गर्नेगरी सरकारले अघि बढाउन जरुरी रहेको छ । आन्तरिक र अन्तर सरकारबीच समन्वयात्मक भूमिकाबाट काम गर्नुपर्ने उहाँले बताउनुभयो ।

'हामीले आन्तरिक र अन्तर सरकार समन्वय गर्न जरुरी छ । सरकारको नेतृत्व गरिरहेका व्यक्ति बीच आफू भित्र नै द्वन्द्व भएमा समस्या समाधान हुन सक्दैन । छलफलको एजेन्डा र कार्यान्वयनमा ध्यान दिनुपर्छ । कार्ययोजना अनुसार काम गर्न जरुरी छ । समस्या समाधान गर्नेगरी छलफल गरेर अघि बढ्नु पर्छ', मुख्यमन्त्री लामाले भन्नुभयो ।

# महिला क्रिकेट उत्सव आयोजना हुँदै

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्ला क्रिकेट संघले महिलालाई क्रिकेट खेलमा प्रोत्साहित गर्न क्रिकेट उत्सवको आयोजना गर्ने भएको छ । मंगलबार र बुधबार दुई दिन उत्सवको आयोजना गरेको हो । हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा संघले आयोजना गर्ने उत्सवमा हेटौंडा उपमहानगरका ७ र मकवानपुरगढी गाउँपालिकाको १ गरी ८ वटा विद्यालयको टिम सहभागी हुनेछ ।

सामुदायिक संस्थागत दुबै विद्यालयको सहभागितामा क्रिकेट उत्सवको आयोजना गरिएको मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोद कुमार बानियाँले जानकारी दिनुभएको छ । उत्सवमा सहभागी विद्यालयको टिमबीच हेटौंडा-४ स्थित हुप्रचौरमा ६ ओभरको खेल हुनेछ । महिला क्रिकेट उत्सवको हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले उद्घाटन गर्नुहुनेछ ।

अन्तराष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) को महिलालाई क्रिकेट खेलमा प्रोत्साहन गर्ने योजनाअन्तर्गत नै मकवानपुर जिल्ला क्रिकेट संघले उत्सवको आयोजना गर्न लागेको हो । महिला क्रिकेट उत्सवको कार्यक्रम संयोजक प्रेम क्षेत्री रहनुभएको छ ।

# भारतीय कारको ठक्करबाट युवराजको मृत्यु

समाज संवाददाता

हेटौंडा : सोमबार साँझ ७ बजेको समयमा हेटौंडा-१, तिरतिरेधारामा भारतीय नम्बर प्लेटको कारले ठक्कर दिँदा स्कुटरमा सवार हेटौंडा-१ का ३५ वर्षीय युवराज लामाको मृत्यु भएको छ ।

हेटौंडा-भैसे सडकखण्डअन्तर्गत हेटौंडा-१, तिरतिरे धारा नजिकै भैंसेबाट हेटौंडातर्फ आउँदै गरेको बा प्र ०३-००२ प ७२६७ नम्बरको स्कुटरलाई हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बीआर ०५ बीए ०००६ नम्बरको भारतीय नम्बरप्लेटको कारले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । दुर्घटनामा घाइते भएका युवराजलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । गम्भीर घाइते युवराजको सोमबार साँझ ७ बजेर २५ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्कुटर पछाडि सवार २५ वर्षीया बबिता लामा घाइते भएको प्रहरीले जानकारी दिएको छ । स्कुटरलाई ठक्कर दिने कार र कार चालक भारतको बिहार राज्यको मोतिहारी जिल्ला पूर्वी चम्पारणका २४ वर्षीय सुकर्ण प्रताप सिङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# काँग्रेसले मेलमिलाप दिवस मनाउने

समाज संवाददाता

हेटौंडाः नेपाली काङ्ग्रेस मकवानपुरले पुस १६ गते मेलमिलाप दिवस मनाउने भएको छ । सोमबार काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले पत्रकार सम्मेलनको आयोजना गरेर मेलमिलाप दिवसको कार्यक्रमको आयोजना गर्न लागेको जानकारी दिनुभएको छ ।

काँग्रेसले विगतको वर्षदेखि मेलमिलाप दिवसको अवसर पारेर पुस १६ गतेका दिन कार्यक्रम आयोजना गर्दै आएको उहाँले बताउनुभयो । हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा हुने कार्यक्रमलाई सम्बोधन गर्न नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापा हेटौंडा आउनुहुने उहाँले बताउनुभयो । कार्यक्रममा मेलमिलापको नीतिका अवस्थाको महत्वकोबारेमा प्रस्तुतीकरण गर्नुहुने उहाँले बताउनुभयो । वीपी तत्कालिन समयमा छिमेकी मुलुक भारतबाट नेपाल फर्किंदा लिनु भएको मेलामिलाप नीति अहिलेसम्म पनि सर्न्दर्भीक भएको कारणले उक्त विषयलाई मेलममिलाप दिवसको अवसरमा आयोजित कार्यक्रममा प्रष्ट्याइने उहाँले बताउनुभयो ।

कार्यक्रममा २ हजार भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहने बताइएको छ । कार्यक्रममा काँग्रेसमा आवद्ध भएका पदाधिकारीहरुलाई सम्मान गरिने उहाँले बताउनुभयो । उहाँले मेलमिलाप कार्यक्रमको आयोजना गरेर मकवानपुरमा सम्मानको सुरुवात गरिने बताउनुभयो । विभिन्न पार्टीका लागि पदाधिकारीहरुलाई पहिलो चरणमा सम्मान गरिने उहाँले बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र नेपाली काङ्ग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको पनि सहभागिता रहने उहाँले बताउनुभयो ।

नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ ।
पबित्र बाइबल लुका २:१०
खीष्टमसको शुभकामना
सारा संसारको मुक्तिदाता प्रभु येशू खीष्टको शुभ जन्मोत्सव "खीष्टमस" तथा इस्वी सम्वत २०२५ नयाँ वर्षको उपलक्ष्मा सम्पुर्ण शिक्षक, बिद्यार्थी, अभिभावक, लगाएत आम नगरवासीहरुमा परमेश्वरको प्रेम, नयाँ उत्साह, उमंग, सुख, शान्ति, समृद्धि एवम् उतरोतर प्रगतिको हार्दिक शुभकामना व्यक्त गदर्छौं ।
ग्रेस श्रेष्ठ, प्रिन्सिपल एवम्
शिक्षा विकास शिशु सदन ईङ्गलिस बोर्डिङ स्कुल
हेटौंडाः ३ बसमाडी

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

खीष्टमसको शुभकामना
इसाई समुदायिको महान उत्सव खीष्टमस तथा नवबर्ष २०२५को पावन अवसरमा सम्पुर्ण स्वदेश तथा विदेशमा भएका नेपालीहरुमा हार्दिकताका साथ शुभकामना ब्यक्त गर्दछौं ।

पास्टर नवराज घलान
एवम् विजय गेतसमनी चर्च
रेतसमनी चर्च परिवार
हेटौंडा-१५ जाँते

पास्टर दीपक भोलोन
एवम् शाल्वेसन चर्च परिवार
हेटौंडा-१५

पास्टर पूर्ण लामा
एवम् शालोम चर्च परिवार
हेटौंडा-१२, पद्मपोखरी

पास्टर महेश दाङ
एवम् बेरिया चर्च परिवार
हेटौंडा-१५, सुकौली

रेभरेन राम कृष्ण पन्त
एवम् क्वाईनोनोय सामदान चर्च परिवार
हेटौंडा-४, हुप्रचौर

पास्टर नविन आले मगर
एवम् नेपाल प्रेयर हाउस चर्च परिवार
हेटौंडा-१

पास्टर मोम लाल दोङ
एवम् ईभान्जिलिकल सानुटार चर्च परिवार
भीमफेदी-१

पास्टर रोशन प्रजा
एवम् आई.एम.एस. चर्च परिवार
भीमफेदी-६

पास्टर दर्शन पाख्रिन
एवम् उपसना चर्च परिवार
हेटौंडा-१५, फारलाइन

पास्टर लक्ष्मी तितुङ
एवम् विजय कलवरी चर्च परिवार
हेटौंडा-१५, परिश्रमिक टोल

रेभरेन मान बहादुर थिङ
एवम् विजय चर्च परिवार
हेटौंडा-१५, ठुलोसुकौली

पास्टर मन्जु लामा
एवम् अभिषेक चर्च परिवार
हेटौंडा-१३, पद्मपोखरी

पास्टर दावा लामा
एवम् पुनर्जीवन चर्च परिवार
हेटौंडा-१३, पद्मपोखरी

पास्टर विकास उपाध्याय
एवम् हेटौंडा आशिष चर्च परिवार
हेटौंडा-६, रामनगर

पास्टर रोन पाख्रिन
एवम् रातोमाटे आशिष चर्च परिवार
हेटौंडा-१५, रातोमाटे

पास्टर रामचन्द्र प्याकुरेल
एवम् ईभान्जिलिकल आराधाना चर्च परिवार
ईभान्जिलिकल चर्च परिवार
हेटौंडा-८, कर्रा

एल्डर राम बहादुर थिङ
एवम् माउण्ट मोरिया चर्च परिवार
हेटौंडा-४

पास्टर डेविड भोलोन
एवम् नेपाल पेन्तिकोष्टल चर्च परिवार
हेटौंडा-१४, भोर्ले

पास्टर मनराज भोलोन
एवम् नेपाल पेन्तिकोष्टल चर्च परिवार
हेटौंडा-१६, जरुङ

राष्ट्रिय खिष्टीयन महासंघ नेपाल
जिल्ला कार्य समिति
मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ